## पाठ - 1

## الدرس الأول - نيبالي

# तौहीद (एकेश्वरवाद) र त्यसको प्रकारहरु

التوحيد وأنواعه

**तौहीद (एकेश्वरवाद) कसलाई भनिन्छ ?**

अल्लाह तआलाले जुन कार्यहरु आफु लागी खास गर्नु भएको छ र हरेक प्रकारको उपासना अराधना भक्ति र पूजापाठ जुन अल्लाहले आफु लागी अनिवार्य गर्नु भएको छ ती सबैमा अल्लाह लाई एक मान्नु यसैलाई तौहिद भनिन्छ,

तौहीद (अल्लाह लाई एक मान्नु ) यो अल्लाहको सम्पूर्ण आदेशहरु मध्ये सबैभन्दा ठुलो आदेश हो, अल्लाह तआलाले भन्नु भएको छ : अर्थात : **हे नबी तपाई भनिदिनुस् त्यो अल्लाह एक्लै छन** अरु भन्नु भएको छ :**मैले दानव र मानवहरुलाई मात्र आफ्नो उपासनाको लागि सृष्टि गरेको छु** । अर्को ठाउँमा भन्नु भएको छ : **अल्लाह कै उपासना गर्नु र उहाँको साथमा अरु कसैलाई साझेदार नबनाउनु** । तौहीद (एकेश्वरवाद) लाई तीन भागमा बिवाजित गरिएको छ (१) तौहीदे रुबूबियत प्रभुत्वमा एकत्व ) (२) तौहीदे उलूहियत (पूज्यमा एकत्व) (३) तौहीदे अस्मा व सिफात (काम र गुणहरु बारे अल्लाहको एकत्व)

**सर्व प्रथम तौहीदे रुबूबियत :** तौहीदे रुबुबियत यसको अर्थ हुन्छ

सृष्टि र संसारको हरेक शासनमा अल्लाहलाई एक मान्नु र यो विश्वास राख्नु कि जीवीका र आहार प्रदान गर्नुको मालिक अल्लाह नै हुनुहुन्छ, र जीवन र मृत्यु सबै उहाँकै हातमा छ, धरति र आकाशको सबै स्वामिक्ता उहाँकै हातमा छ र सुर्य चन्द्रमा आगो पानी हावा सबै उहाँकै आज्ञाको अधीन छन ।अल्लाह तआलाले भन्नु भएको छ :**के अल्लाह बाहेक अरु कोही सृष्टिकर्ता छ जसले तपाईहरुलाई आकाश र धरतिबाट जीवीका प्रदान गरिरहेका छन ? अल्लाह बाहेक अरु कोही सत्य पूज्य छैन, त्यसो भए तपाईहरु कता मार्ग बिचलित भइ रहेका छौं ?** र अर्को ठाउँमा भन्नु भएको छ : **त्यो जसको हातमा राज्यसत्ता छ धेरै उन्नतिपूर्ण र बरकतवाला हुनुहुन्छ र हरेक कुरा माथि सामर्थ्यवान हुनुहुन्छ** ।

अल्लाहको सत्ता र शासन चाहिं संसारको सबै वस्तु माथि लागु हुन्छ, उहाँले जस्तो र जसरी चाहनु हुन्छ भने त्यस्तो आदेश जारी गर्नुहुन्छ, सम्पूर्ण सृष्टिमा मात्र अल्लाहको आदेश चलिरहेको छ , संसारको सबै वस्तु अल्लाहको आज्ञाको अधिन छन । अल्लाह तआला ले भन्नु भएको छ :

**सम्पूर्ण सृष्टि उहाँकै हो र आदेश पनि उहाँकै चल्छ, अल्लाह सर्वगुण सम्पन्न हुनुहुन्छ उनी सबै ब्रहमाण्डको पालनकर्ता हुन** । तौहीदको यस प्रकारलाई लगभग सम्पूर्ण मानिसहरुले मान्ने गर्छन, मात्र थोरै मानिसहरुले नकारेका छन्, त्यो पनि भित्र मनले होइन बरु मुखले मात्र नकारेका छन्, अल्लाह तआलाले भन्नु भएको छ: **उनीहरुले अत्याचार र घमण्डको कारण इन्कार गरे जबकि उनीहरुको हृदयले त विशवास गरिसकेको थियो** ।

तर मात्र यस तौहीद माथि विशवास राखेर कुनै फायदा हुंदैन, जस्तो कि रसूल सल्लल्लाहु अलैहि वसल्लमको युगमा काफीर र मुशरिकहरुलाई यसको केही पनि फायदा भएन । अल्लाह तआलाले भन्नु भएको छ:**यदि तपाईले उनीहरुसित सोध्नु हुन्छ कि आकाश र धरतिलाई कसले सृष्टि गर्नु भएको छ र सुर्य र चंद्रमालाई कसले निर्धारित काममा लगाउनु भएको छ ? त उनीहरुले पक्कै भन्नै छन कि अल्लाहले नै गर्नु भएको छ फेरि उनीहरु कता बिमुख भई जाँदैछन्** ।

अल्लाहलाई सृष्टिकर्ता पालनकर्ता मान्नुको साथ साथै तौहीदको अर्को भागहरु माथी पनि विशवास राख्नु पर्छ